# सिस्ने गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः९ सख्या:१२ गाउँकार्यपालिकाबाट पारित मितिः २०८३।०३।२३

## अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

**प्रस्तावनाः** नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४, संयुक्त राष्ट्र संघीय अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि – २००६, दीगो विकास लक्ष्य २०३० तथा नेपाल सरकारको सोह्रौं योजनाको उद्देश्य, मर्म र भावना तथा पालिकाको समेत प्राथमिकता प्राप्त विषय भए बमोजिम सिस्ने गाउँपालिकामा जन्मजात तथा जन्म पश्चात् हुने अपाङ्गता न्यूनीकरण गर्ने एवं अपाङ्गता भएका व्यक्तिहरू सहितको समावेशी समाजको निर्माण गर्नका लागि सिस्ने गाउँपालिकाबाट अपाङ्गता सम्बन्धी कार्यक्रम एकीकृत रूपमा सञ्चालन गरी लागु गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (त) अनुसार यस सिस्ने गाउँपालिकाको १८ औं गाउँ सभाले अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ स्वीकृत गरी लागू गरेको छ।

**<u>१· संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यस कार्यविधिको नाम "अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम (संघ, प्रदेश र स्थानीय तह) सञ्चालन कार्यविधि, २०८२" हुनेछ।

(२) यो सिस्ने गाउँपालिकाको गाउँ सभाले स्वीकृत गरेको मितिबाट लागू हुनेछ।

**<u>२· परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "कार्यक्रम"भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने " अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम (संघ, प्रदेश र स्थानीय तह)" सम्झनु पर्छ।

(२) "पालिका" भन्नाले सिस्ने गाउँपालिका सम्झनु पर्छ।

(३) "सिस्ने गाउँपालिका" भन्नाले सिस्ने गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

(४) "संघिय मन्त्रालय" भन्नाले संघीय सरकार, "महिला, बालबालिका, लैङ्गिक तथा यौनीक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय" सम्झनु पर्छ।

(५) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेश सरकार, "सामाजिक विकास मन्त्रालय" सम्झनु पर्छ।

(६) "साझेदार संस्था" भन्नाले यस कार्यक्रम संचालनार्थ आर्थिक तथा प्रविधिक सहयोग गर्ने संघ संस्थाहरूलाई सम्झनु पर्छ।

(७) "सहजकर्ता" भन्नाले समुदायमा आधारित पुनःस्थापना सहजकर्ता सम्झनु पर्छ।

(८) शाखा भन्नाले पालिकाको महिला बालबालिका शाखा वा अपाङ्गता सम्बन्धि काम गर्न अख्तियार प्राप्त शाखा सम्झनु पर्छ।

**<u>३· कार्यक्रमको उद्देश्यहरूः</u>**

(१) नवजात शिशु तथा १० वर्ष मुनिका बालबालिकाको स्वास्थ्य जाँच गरी जन्म दोष तथा हुनसक्ने अपाङ्गताको पहिचान र व्यवस्थापन गर्ने;

(२) अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका परिवारको जीवनको गुणस्तरमा सुधार ल्याउने;

(३) अपाङ्गता रोकथाम तथा पुनःस्थापना सेवा प्रदान गर्ने प्रणालीको सुदृढीकरण गर्ने

(४) समावेशी बिकासको नमूना पालिका बन्ने।

**४· कार्यक्रमका मार्ग निर्देशक सिद्धान्तहरुः**

(१) पालिकाको नेतृत्व र स्वामित्वमा कार्यक्रम निरन्तर सञ्चालन हुनेछ।

(२) कार्यक्रमलाइ प्रभावकारि रुपमा सञ्चालन गर्न इच्छुक साझेदार संस्थाको खोजि तथा पहिचान गरि थप आर्थिक तथा प्राविधिक सहभागितामा जुटाइने छ।

**५· कार्यक्रमका अङ्ग तथा मुख्य क्रियाकलापः** कार्यक्रमको उद्देश्यहरू प्राप्ति गर्न देहाय बमोजिमका कार्यक्रमहरू सञ्चालन गरीनेछन्ः-

(१) **प्रणाली सुदृढीकरणः** पालिका अन्तर्गतको महिला तथा बालबालिका शाखालाई यस कार्यक्रमको कार्यान्वयनका लागि मुख्य जिम्मेवार शाखा बनाई उक्त शाखाको सबलीकरण, कार्यक्रमसँग सम्बन्धित स्वास्थ्य, शिक्षा जस्ता शाखाहरुसँगको प्रत्यक्ष सहकार्यमा एकिकृत वार्षिक योजना तथा बजेट तर्जुमा, समुदायमा आधारित पुनःस्थापना सहजकर्ताहरूको व्यवस्था तथा परिचालन, अपाङ्गता समन्वय समितिको क्षमता विकास, कार्यक्रमका बारेमा जन प्रतिनिधिहरू र कर्मचारीहरूलाई जानकारी, नियमित अनुगमन तथा समिक्षा।

(२) **अपाङ्गता रोकथामः** सन्तानका चाहना भएका दम्पत्तीहरूलाइ गर्भ योजना तथा गर्भवती महिलाहरूलाई सुरक्षित मातृत्व सम्बन्धी जानकारी तथा सूचना, नवजात शिशुहरूमा Birth defect वा अपाङ्गता भए नभएको यकिन गर्न सबै नवजात शिशुहरूको स्वास्थ्य परीक्षण, दश वर्ष मुनिका सबै बालबालिकामा अपाङ्गता वा अपाङ्गता हुन सक्ने समस्या भए नभएको यकिन गर्न स्वास्थ्य परीक्षण गर्ने।

(३) **अपाङ्गता भएका व्यक्तिहरूको पुनःस्थापनाः** अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक, पुनःस्थापना योजना निर्माण, स्वास्थ्य उपचार, सहायक सामग्री प्रदान, फिजीयोथेरापी सेवा, अपाङ्गता भएका ब्यक्ति तथा अभिभावकहरूलाई सीप बिकास तालिम, विद्यालय भर्ना, घरैमा

अनौपचारिक शिक्षा, वडास्तरिय मिलीजुली समूहहरू तथा लक्षितवर्गको सहकारी गठन र परिचालन, बिउ पुँजीको व्यवस्था, अपाङ्गता भएका व्यक्तिहरूको संस्था (ओ. पी. डी.) गठन र परिचालन, अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरू र सवालहरूका बारेमा जनचेतनामूलक लगायतका क्रियाकलापहरू।

६. **सहजकर्ताहरूको व्यवस्था तथा परिचालनः** अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई, उनीहरूकै घरदैलोमा सेवा प्रवाह गर्न पालिकाले भौगोलिक अवस्था तथा अपाङ्गता भएका व्यक्तिहरूको संख्याका आधारमा कम्तीमा २ जना सहजकर्ताहरूको व्यवस्था गर्नेछ।

७. **लक्षित वर्गको सहभागिताः** पालिकामा रहेका लक्षित वर्गहरूको सहभागिता योजना तर्जुमा चरण देखि कार्यक्रमको समीक्षा लगायतका सबै चरणहरूमा गराइनेछ।

८. **कार्यक्रमका लागि बजेट तर्जुमा तथा परिचालन सम्बन्धमा** ः

(१) कार्यक्रम सञ्चालन संघीय मन्त्रालय, प्रदेश मन्त्रालय, पालिका तथा साझेदार संस्थाहरूको लागत साझेदारीमा तथा साझेदार संस्थाको प्राविधिक सहयोग समेतमा निरन्तर संचालन हुनेछ।

(२) साझेदार संस्थाहरू पहिचानगरी आर्थिक तथा प्राविधिक सहकार्य गरिने छ।

(३) साझेदार संस्थाबाट प्राप्त हुने रकम समझदारीमा अन्य व्यवस्था भए बाहेक, सिधै पालिकाको खातामा जम्मा हुनेछ।

(४) कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण रकम नेपाल सरकारको खर्च प्रणाली र मापदण्ड बमोजिम खर्च गरिनेछ।

(५) कार्यक्रमको लागत साझेदारी सम्बन्धी अन्य व्यवस्था मन्त्रालय वा साझेदार संस्थाहरूसँग भएको सम्झौता बमोजिम हुनेछ।

९. **वार्षिक योजना निर्माणः** प्रत्येक आर्थिक वर्षका लागि पालिकाले सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अपनाई कार्यक्रमसँग सम्बन्धित स्वास्थ्य, शिक्षा जस्ता शाखाहरुसँगको प्रत्यक्ष सहकार्यमा एकिकृत वार्षिक कार्य योजना तर्जुमा गर्नेछ। यसरी वार्षिक योजना तर्जुमा गर्दा योजना तर्जुमाका विभिन्न चरण वा तहमा देहायका व्यक्ति तथा संस्थाहरूको प्रतिनिधित्व सुनिश्चित गराउनेछ,

(१) प्रमुख तथा उपप्रमुख,

(२) वडाध्यक्षहरू,

(३) स्वास्थ्य समितिका संयोजक तथा सदस्यहरू,

(४) सामाजिक विकास समितिका संयोजक तथा सदस्यहरू,

(५) महिला तथा बालबालिका, स्वास्थ्य र शिक्षा शाखा प्रमुख,

(६) स्वास्थ्य संस्थाका इन्चार्ज तथा नर्सिङ कर्मचारीहरू,

(७) सहजकर्ताहरू,

(८) अपाङ्गता भएका व्यक्तिहरूका संस्था, मिलीजुली समूहहरू तथा मिलीजुली सहकारीका प्रतिनिधिहरू,

(९) महिला स्वास्थ्य स्वंयसेविकाहरु र आमा समूहहरूका प्रतिनिधिहरू,

## १०. कार्यक्रम कार्यान्वयनका लागि व्यवस्थापन समितिः

(१) अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७४ को दफा ४२ अनुसारको स्थानीय समन्वय समितिले नै यस कार्यक्रमको व्यवस्थापन र प्रभावकारी कार्यान्वयनको नेतृत्व गर्नेछ।

(२) समितिको बैठकमा कार्यक्रमको साझेदार संस्था वा सम्बन्धित क्षेत्रमा काम गर्ने अन्य संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रूपमा बोलाउन सकिनेछ।

(३) पालिका प्रमुख/अध्यक्ष यस समितिको संरक्षक रहनेछन्।

## ११. समन्वय समितिको भूमिका तथा जिम्मेवारीः

कार्यक्रम व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(१) कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयनलाई सहज बनाउन समग्र कार्यक्रमको नेतृत्व "महिला तथा बालबालिका शाखा प्रमुख" लाई तोकी कार्यक्रम कार्यान्वयन गराउने ।

(२) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि यस कार्यक्रमसँग सम्बन्धी स्थानीय सेवा प्रदायक संस्थालाई परिचालन गर्ने।

(३) कार्यक्रमको प्रगति अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण उपलब्ध गराउने।

(४) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि मन्त्रालयबाट प्राप्त पृष्ठ पोषणलाई पालना गर्न लगाउने।

(५) कार्यक्रम कार्यान्वयनका क्रममा आउने समस्या तथा विवादको निरूपणका लागि पहल गर्ने।

(६) कार्यक्रमका लागि आवश्यक सहजकर्ताहरूको व्यवस्था गर्ने।

(७) कार्यक्रमको वार्षिक तथा त्रैमासिक योजनाहरू बनाउने व्यवस्था मिलाउने। यसरी कार्यक्रम तर्जुमा गर्दा यस कार्यक्रमसँग सम्बन्धित स्वास्थ्य, शिक्षा, रोजगार शाखा/ महाशाखा, वडा कार्यालय तथा अपाङ्गता क्षेत्रमा कार्यरत गैरसरकारी संस्था बिच पनि समन्वय गरी एकीकृत कार्यक्रम तर्जुमा गर्ने।

(८) मन्त्रालय सँग बजेट माग गर्ने।

(९) त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक समीक्षा गर्ने।

(१०) त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने गराउने।

१२. **अपाङ्गता भएका व्यक्ति तथा लक्षितवर्ग द्वारा गठित सहकारीसँगको सहकार्य:** पालिकामा गठित अपाङ्गता भएका व्यक्तिहरूको संस्था (ओ.पी.डी.) तथा अपाङ्गता भएका व्यक्तिहरू द्वारा गठित सहकारीहरूसँग अपाङ्गता भएका व्यक्तिहरूहरूको हक अधिकारको संरक्षणकालागि सहकार्य गरिनेछ।

१३. **स्थानीय सहयोगी संस्थाहरु:** पालिकामा रहेका स्वास्थ्य संस्थाहरू, आमा समूहहरू विद्यालयहरू, अपाङ्गता भएका व्यक्तिहरूका संस्था (ओ.पी.डी.), मिलीजुली समूहहरू, तथा सहकारीहरू यस कार्यक्रमका सहयोगी संस्थाहरू हुनेछन्। कार्यक्रम कार्यान्वयनका क्रममा यी संस्थाहरूको प्रत्यक्ष सहभागिता रहनेछ ।

१४. **कार्यक्रम सञ्चालनमा समन्वय र सहकार्य:** कार्यक्रम सञ्चालनमा मातृ शिशु स्वास्थ्य तथा अपाङ्गताका क्षेत्रमा काम गर्ने अन्य संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ । पालिकामा रहेका अन्य राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्था मातृ शिशु स्वास्थ्य र अपाङ्गताका क्षेत्रमा कार्यक्रम गर्न आएमा उनीहरूका कार्यक्रमहरूलाई पनि समेटेर वार्षिक योजना निर्माण गरिनेछ।

१५. **अनुगमन तथा मूल्याङ्कनः**

(१) व्यवस्थापन समितिले कार्यक्रमको प्रभावकारिताको नियमित अनुगमन गर्नेछ।

(२) कार्यक्रमको अनुगमन व्यवस्थापन सूचना प्रणालीको प्रयोगबाट गरिनेछ।

(३) पालिकाले सबै सरोकारवालाहरूको उपस्थितिमा अर्धवार्षिक र वार्षिक समीक्षा बैठक आयोजना गर्नेछ।

(४) व्यवस्थापन समितिले सहजकर्ताको कामको निरन्तर अनुगमन गर्नेछ।

१६. **प्रतिवेदनः** पालिकाले कार्यक्रमको प्रगति तथा आर्थिक प्रतिवेदन समेटिएको त्रैमासिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नेछ । साथै, अर्ध बार्षिक तथा बार्षिक प्रतिवेदन तयार गरी समिक्षा कार्यक्रममा प्रस्तुत गर्नेछ।

१७. **बाधा अड्काउ फुकाउनेः** कार्यक्रम कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ आइपरेमा व्यवस्थापन समितिले फुकाउन सक्नेछ।

१८. **मार्गदर्शन बनाउनेः** यस कार्यविधिको कार्यान्वयनका लागि पालिकाले आवश्यक मार्गदर्शन बनाउन सक्नेछ।

१९. **संशोधन वा खारेजी:** यस कार्यविधिलाई आवश्यक संशोधन वा खारेजी गर्ने अधिकार पालिकामा निहित रहनेछ।

२०. **प्रदेश र सँघीय सरकारसँगको समन्वय तथा सहकार्यः** यस कार्यक्रमलाइ थप प्रभावकारि बनाउन पालिकाले प्रदेश र सँघीय सरकारसँग श्रोत सुनिश्चितताका लागि आवश्यक पहल गर्ने छ। योजना आयोगको बिशेष अनुदान कार्यक्रम जस्ता अन्य सँघीय तथा प्रादेशिक निकायहरुसँग कार्यक्रमका लागि आवश्यक श्रोत परिचालनका लागि प्रस्ताव पेश गरिनेछ।

आज्ञाले

डिल्ली खड्का

प्रमुख प्रशासकिय अधिकृत